प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. २
जनकपुरधाम, धनुषा, नेपाल

फोन नं. ०४१-५२३१३३
५२५३३८
५२५७३३
फ्याक्स नं. ०४१-५२७१०१
टोल फ्रि नं. १६६०४१५२८४३

पत्र संख्या: २०७६/०७७
चलानी नं. : २६९५

मिति : २०७७।०१।२८

**विषय:- पदाधिकारी पारिश्रमिक सुविधा तथा सेवा सम्बन्धमा ।**

श्री प्रदेश नीति तथा योजना आयोग,
प्रदेश नं. २, जनकपुरधाम ।

प्रस्तुत विषयमा तहाँ कार्यालयको च.नं. २५३, मिति २०७६।११।१४ को प्राप्त पत्रको सम्बन्धमा प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७५।०६।२५ को बैठकबाट प्रदेश नं. २ को प्रदेश नीति आयोगको उपाध्यक्ष र सदस्यहरुको पारिश्रमिक र सेवा सम्बन्धी नियमावली, २०७५ को नियम १४(२) को "प्रतिबंधात्मक वाक्यांश" खारेज गर्ने निर्णय भएको र तत्पश्चात सो सम्बन्धमा यस कार्यालयबाट कुनै निर्णय भएको अभिलेखबाट नदेखिएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

दर्ता नं. २६२
मिति: २०७६/१/२८
निति आयोग

(नियम ३(२)?)

श्याम सुन्दर महतो
अधिकृत सातौं

mail : cm.p2.gov.np@gmail.com "सक्षम निजामती प्रशासन विकास, समृद्धि र सुशासन" Website: www.ocmcm.p2.gov.np

Scanned with CamScanner

प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

जनकपुरधाम, धनुषा, नेपाल

फोन नं. ०४१-५२३१३३
५२५३३४
५२५३३३
फ्याक्स नं. ०४१-५२३१०१
टोल फ्रि नं. १६६०४१५२८४३

प.सं. २०७६/०७७
च.नं. ५६

मितिः-२०७६।०६।१४

विषयः- म.प. को निर्णय पठाएको ।

श्रीमान् सचिव ज्यू,
आर्थिक मामिला तथा योजना मन्त्रालय,
प्रदेश नं. २, जनकपुरधाम ।

प्रस्तुत विषयमा प्रदेश नीति आयोग, प्रदेश नं. २ को सट्टामा प्रदेश नीति तथा योजना आयोग, प्रदेश नं. २ कार्यम गर्ने भनि प्रदेश सरकार मन्त्रिपरिषद्‌को मिति २०७६।०६।१४ मा निर्णय भएकोले कार्यान्वयनका लागि पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

श्याम सुन्दर महतो
अधिकृत सातौं

बोधार्थः
श्री प्रदेश नीति आयोग
प्रदेश नं. २, जनकपुरधाम ।

Scanned with CamScanner

CamScanner

श्री सचिव,
मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,

नीति आयोगका उपाध्यक्ष र सदस्यहरुको पारिश्रमिक र सेवा सम्वन्धी नियमावली,२०७५ संशोधन गर्ने विषयको प्र.द.नं ४४।१। प्र.म.वै.स. ३०।०७५ को प्रस्ताव पेश हुंदा प्रदेश मन्त्रिपरिषदको मिति २०७५/०६/२५ को वैठकबाट देहाय वमोजिम निर्णय भएकोले प्रदेश सरकार (कार्य सम्पादन) नियमावली, २०७४ को नियम २३(१) अनुसूचि १ को देहाय १८ वमोजिम अनुरोध छ ।

प्रदेश सरकारको निर्णय
"प्रस्तावमा लेखिए वमोजिम गर्ने"

(हरिप्रसाद फुयाल)
नि. प्रमुख सचिव

२०७५।०६।२६

Scanned with CamScanner

४४१२
२०७५।६।२८

प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश नं. २

जनकपुरधाम, धनुषा, नेपाल

म.प.बै.सं. - ..../०७५

पत्र संख्या - २०७५/७६

**विषय :- नीति आयोगका उपाध्यक्ष र सदस्यहरुको पारिश्रमिक र सेवा सम्बन्धी नियमावली, २०७५ संशोधन गर्ने सम्बन्धमा ।**

प्रस्ताव पेश गर्न विभागिय मन्त्रीबाट स्वीकृत प्राप्त मिति : २०७५।०६।२५

**१. विषयको संक्षिप्त व्यहोरा :-**

प्रदेश नं. २ को सर्वाङ्गिण विकासका लागि भावी योजना निर्माण छनौट लगायतका कार्य गर्नका लागि प्रदेश नीति आयोग गठन भई १ जना उपाध्यक्ष र १ जना सदस्यको नियुक्ति भई उहाँहरु कार्यरत रहनु भएको छ ।

प्रदेश नीति आयोगमा नियुक्त उपाध्यक्ष लगायतका सदस्यहरुले मासिक रुपमा पाउने पारिश्रमिक तथा अन्य सुविधा र सेवाका शर्तलाई पारदर्शी वनाउन प्रदेश नीति आयोगका उपाध्यक्ष तथा सदस्यहरुको पारिश्रमिक, सुविधा र सेवा सम्बन्धी नियमावली २०७५ मन्त्रिपरिषदबाट स्वीकृत भई लागू भै सकेको छ । सो नियमावलीको नियम १४ को उप नियम (२) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "तर निवृत्तिभरण पाइरहेको व्यक्ति त्यस्तो उपाध्यक्ष वा सदस्यमा नियुक्त भएमा उसले निवृत्तिभरण वा हालको पदमा पाउने तलव भत्ता मध्ये १ मात्र पाउने " भन्ने व्यवस्था अप्रभावकारी देखिएको कारण लामो समय देखि आयोगको रिक्त सदस्य पदमा नियुक्त हुन सकेको छैन ।

**२. प्राप्त परामर्श तथा अन्य प्रासंगिक कुरा :-** X

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र कार्यालयको सिफारिस :-**

प्रदेश नं. २ को सरकार गठन भएपछि यस प्रदेशमा विभिन्न किसिमका विकास निर्माणका कार्य संचालन गर्न तथा सरकारलाई सही मार्गदर्शन गर्नका लागि उपयुक्त नीति तथा योजनाहरुको जरुरत पर्दछ । सो कार्यका लागि उच्चतम शैक्षिक योग्यता भएका, अनुभवी र जागरुक जनशक्तिलाई आयोगको उपाध्यक्ष र सदस्यमा नियुक्त गर्नुपर्ने हुन्छ । तर २०७५।१।१३ मा गठन भएको आयोगले आजका मिति सम्म पनि पूर्णताः पाउन नसक्नुमा सरकारी सेवाबाट निवृत्तिभरण खाईरहेका व्यक्ति आयोगको उपाध्यक्ष वा सदस्य नियुक्त भएमा उसले पहिले खाइपाइ आएको निवृत्तिभरण वा हालको पदको पारिश्रमिक मध्ये निजले रोजेको एक मात्र पाउने भन्ने व्यवस्था पनि एउटा कारणको रुपमा देखिन आयो । अतः उपरोक्त नियमावलीको नियम १४(२) को प्रतिवधात्मक वाक्यांशमा रहेको "दोहोरो सुविधा नपाउने" भन्ने व्यवस्था खारेज गर्न उपयुक्त हुने देखिन्छ ।

**४. निर्णय हुनुपर्ने व्यहोरा :-**

प्रदेश नं. २ को प्रदेश नीति आयोगको उपाध्यक्ष तथा सदस्यहरुको पारिश्रमिक, सुविधा तथा सेवा सम्बन्धी नियमावली, २०७५ को नियम १४(२) को **"प्रतिवधात्मक वाक्यांश"** खारेज गर्ने ।

मिति:-२०७५।०६।२५

...........................

(पुष्कर सापकोटा)

सचिव (कानून)

सचिव

Scanned with CamScanner

CamScanner